# आ.व. २०८१/८२ को
# वार्षिक बजेट कार्यान्वयन सम्बन्धी समीक्षा प्रतिवेदन

रैनादेवी छहरा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

छहरा, पाल्पा

मितिः २०८२ भाद्र ०८ गते

# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति समीक्षा

१ . <u>वित्तीय तथा भौतिक प्रगतिः-</u>

| क्र.स. | विवरण | चालु रकम | पुँजीगत रकम | जम्मा |
|---|---|---|---|---|
| १ | वार्षिक विनियोजन | ५०४४५५ | २३३४७९ | ७३७९३४ |
| २ | निकासा | ४०४१३४ | १७१२५६ | ५७५३९१ |
| ३ | खर्च | ४०४१३४ | १७१२५६ | ५७५३९१ |
| ४ | वित्तीय प्रगति प्रतिशत | ८०.११ | ७३.३४ | ७७.९७ |
| ५ | भौतिक प्रगति प्रतिशत | ८०.११ | ७३.३४ | ७७.९७ |

<u>शिर्षकगत रुपमा</u>

| क.स. | शिर्षक | चालु | | | पुंजीगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निकासा | खर्च | खर्च % | निकासा | खर्च | खर्च % | निकासा | खर्च | खर्च % |
| १ | वित्तीय समानीकरण अनुदान (संघ) | 26550 | 23227 | 87.48 | 76150 | 58334 | 76.60 | 102700 | 81561 | 79.41 |
| २ | वित्तीय समानीकरण अनुदान (प्रदेश) | 1625 | 1368 | 84.18 | 5288 | 1504 | 28.44 | 6913 | 2872 | 41.54 |
| ३ | सशर्त अनुदान (संघ) | 358074 | 289798 | 80.93 | 52741 | 45541 | 86.34 | 410815 | 335339 | 81.62 |
| ४ | सशर्त अनुदान (प्रदेश) | 1000 | 228 | 22.8 | 8500 | 6484 | 76.28 | 9500 | 6712 | 70.65 |
| ५ | समपूरक अनुदान (संघ) | 0 | 0 | | 30000 | 13062 | 43.54 | 30000 | 13062 | 43.54 |
| ६ | समपूरक अनुदान (प्रदेश) | 0 | 0 | | 7000 | 6349 | 90.7 | 7000 | 6349 | 90.7 |
| ७ | विशेष अनुदान (संघ) | 0 | 0 | | 2000 | 0 | 0 | 2000 | 0 | 0 |
| ९ | राजस्व बाँडफाँट | 96650 | 81765 | 84.59 | 7350 | 6468 | 88 | 104000 | 88233 | 84.83 |
| १० | आन्तरिक स्रोत | 17025 | 4985 | 29.28 | 41250 | 30485 | 73.90 | 58275 | 35470 | 60.86 |

<u>विषय क्षेत्रगत रुपमा</u> रकम रु. हजारमा

| क्र.स. | क्षेत्र /उपक्षेत्र | बार्षिक विनियोजन | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५२५०९ | १३१५९ | २५.०६ | USAID Agricultural Direct financing कार्यक्रम निकासा नभएकोले ३ करोड ५० लाख कार्यक्रम कार्यान्वयन नभएको |
| २ | सामाजिक विकास | ४२६०७२ | ३७३१४९ | ८७.५८ | |
| ३ | पूर्वाधार विकास | १५४९५५ | १०७०५८ | ६९.०८ | |
| ४ | सुशासन र अन्तर सम्बन्धित क्षेत्र | ६९५९ | ३६५० | ५२.४ | |
| ५ | विपद् व्यवस्थापन | ३००० | २७५० | ९१.६ | |
| ६ | कार्यालय सञ्चालन र प्रशासनिक क्षेत्र | ९४४३९ | ७५६२३ | ८०.०८ | |
| जम्मा | | ७३७९३४ | ५७५३९१ | ७७.९७ | |

## <u>२. भौतिक प्रगतिका नतिजा सूचक</u>

# २.१ <u>पूर्वाधार तर्फः-</u>

### २.१.१ सडक/ पुल

- कालोपत्रेः ० कि.मि
- ग्राभेलः २.६८ कि.मि
- सडक चौडा (Widening): ७.०२ कि.मि.
- सोलिङः १.६८ कि.मि.
- पि.सि.सि. : २.५८ कि.मि.
- ग्याविन वालः ३१०५.५१ क्यु. मि.
- ह्युम पाइपः ४२.५० मि.

- ट्रस निर्माणः ४७६९.९१ के.जी.
- ट्र्याक ओपनः ७.६१  कि.मि.
- सडकमा दायाँ/बायाँ नाला निर्माणः १.४१ कि.मि.
- मेसनरी वालः ०.६ कि.मी.
- पुलः ० वटा
- कलभर्टः ० वटा
- सडक/ पुल निर्माणबाट लाभान्वित जनसंख्या र सिर्जित रोजगारीको संख्या १६००० र १५००

### २.१.२ <u>भवन तर्फः-</u>

- ➢ अस्पताल भवनः ० वटा
- ➢ स्वास्थ्य चौकी/केन्द्रः १ वटा
- ➢ विद्यालय भवनः ० वटा
- ➢ भवन मर्मतः १९ वटा
- ➢ सामुदायिक भवनः १० वटा
- ➢ शौचालयः ६ वटा
- ➢ मन्दिरः २ वटा
- ➢ हाट बजारः ० वटा
- ➢ लाभान्वित जनसंख्या र सिर्जित रोजगारी संख्या ६०० र १५०

### २.१.३ <u>सिंञ्चाई तर्फः</u>

- ०.५६ कि.मि. सिंचाई नहर/कुलो निर्माण
- ० कि.मि. नहर/कुलो मर्मत
- ० वटा डिप ट्यूवेल निर्माण
- ० वटा वोरिङ निर्माण
- ४.९३४ कि.मि. सिंचाईका लागि पाईप विच्छ्याइएको

सिंचाई आयोजना र निर्माणबाट लाभान्वित जनसंख्या र सिर्जित रोजगारी ५०० र ५०

### २.१.४ उपभोक्ता समितिको दर्ता /नवीकरण, तालिम सम्बन्धी संक्षिप्त विवरण

- दर्ता/नवीकरणको व्यवस्था नभएको
- २०८१/८२ मा तालिम पनि प्रदान नगरिएको

### २.१.५ योजना कार्यान्वयनको अनुगमन र अनुगमनमा देखिएका व्यहोरा

- गाउँ कार्यपालिकाको कार्यालयबाट योजना कार्यान्वयनका विभिन्न चरणमा अनुगमन तथा सुपरीवेक्षण गर्ने गरिएको
- योजना अनुगमन समितिबाट अनुगमन प्रतिवेदन प्राप्त भएपछि फरफारक गर्ने गरिएको
- उपभोक्ताहरूले जनश्रमदानबाट हुने कार्यहरूलाई प्रत्यक्ष रूपमा सहभागी भई काम गर्न नखोज्नु
- स्थानीयस्तरबाट गर्न सकिने कार्यहरूमा पनि गाउँपालिकाबाट बजेट माग गर्ने प्रवृत्ति
- निर्माण सम्पन्न पश्चात सो कार्यको निश्चित अवधिको लागि उपभोक्ता समितिले मर्मत सम्भार गर्ने कानुनी व्यवस्था नहुनु
- निर्माण सामग्रीको प्रचलित दरभाउ र बजारको वास्तविक मूल्य र बीच-बीचमा हुने मूल्य वृद्धिलाई जिल्ला दररेटले सम्बोधन गर्न नसक्नु

## २.२ सामाजिक विकासतर्फ :-

२.२.१ खानेपानी तथा सरसफाइतर्फ

- आयोजना संख्याः ५७ वटा
  - टंकी निर्माणः ३४
  - धारा जडानः २५१
  - एच.डि.पि.इ. पाइपः १४४८० कि.मि.
- लाभान्वित जनसंख्या र सिर्जित रोजगारी संख्या ४०० र २००

### २.२.२ शिक्षाः-

२.२.२.१ विद्यार्थी संख्या सम्बन्धी विवरण

| क्र.सं. | विवरण | भर्ना भएका विद्यार्थी संख्या | अन्तिम परिक्षामा सम्मिलित विद्यार्थी संख्या | कक्षा उत्तिर्ण विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक तह | ६८६ | ६४८ | ३०३ | |
| २ | कक्षा १ | ४८५ | ४३७ | ३८० | |
| ३ | कक्षा २ | ४०२ | ३७० | ३५० | |
| ४ | कक्षा ३ | ४३५ | ४१३ | ३९१ | |
| ५ | कक्षा ४ | ४४८ | ४२४ | ३८६ | |
| ६ | कक्षा ५ | ४७७ | ४६० | ४२९ | |
| ७ | कक्षा ६ | ४७० | ४४८ | ४१४ | |
| ८ | कक्षा ७ | ४४२ | ४३२ | ३८७ | |
| ९ | कक्षा ८ | ४७३ | ४६९ | ३६९ | |
| १० | कक्षा ९ | ३६९ | ३६२ | ३१८ | |
| ११ | कक्षा १० | ३९९ | ३४९ | २१७ | |
| १२ | कक्षा ११ | १७५ | १६७ | १३१ | |
| १३ | कक्षा १२ | २७६ | २६९ | - | |
| | | ५५३७ | ५४८१ | ४०७५ | |

२.२.२.२ <u>बिद्यालय संख्याः-</u>

**क ) आधारभूत**

- सामुदायिकः ४३
- संस्थागतः १

**ख ) माध्यमिक**

- सामुदायिकः १२
- संस्थागतः ०
- जम्माः १२

२.२.२.३ <u>संचालित अतिरिक्त क्रियाकलाप</u>

- राष्ट्रपति रनिङ्ग शिल्ड
    - गाउँपालिकाका १२ वटा माध्यमिक विद्यालयहरु बाट प्रतिनिधि मूलक रुपमा खेलाडी सहभागी गराई मिति २०८२ जेठ महिनामा गा.पा को कटौंजेपानी खेल मैदानमा छनौट खेल संचालन भएको।
    - उक्त छनौट खेलमा तपसिल विधामा खेलाडी छनौट गरी लिल्ला स्तरिय राष्ट्रपति खेलकुद प्रतियोगितामा सहभागि गराईएको ।

- ➢ भलिवल- महिला र पुरुष
- ➢ ज्याभ्लिङ्ग थ्रो- महिला र पुरुष
- ➢ छेलो थ्रो- महिला र पुरुष
- ➢ दौड- १००मि, २००मि, ५००मि, ८००मि र १५०० मि- महिला र पुरुष
- ➢ हाइजम्प- महिला र पुरुष
- ➢ लङ्जम्प- महिला र पुरुष
- ➢ ट्रिपल जम्प- महिला र पुरुष

○ उक्त खेलमा ३ रजत र ५ कास्य गरी जम्मा ८ पदक प्राप्त भएको थियो। पदक प्राप्त गर्ने खेलाडीहरुले विवरण तपसिल बमोजिम रहेको छ।

- सटपुट-द्धितीयः कमल पेग्नी
- सटपुट-द्धितीयः चन्दा बुढाथोकी
- लङ्गजम्प-द्धितीयः प्रशान्त खत्री
- लङ्गजम्प-तृतीयः सृष्टि राउत
- हाइजम्प- तृतियः सृष्टि राउत
- ज्याभ्लिङ्ग थ्रो-तृतीयः प्रेम पेङ्गनी
- ज्याभ्लिङ्ग थ्रो-तृतीयः आयुश्मा दर्लामी
- दौड ८०० मी.- तृतीयः मुना छहरी

- **स्थानीय तहको लगानीमा सञ्चालित अन्य खेलकुद प्रतियोगिताको विवरण**

क) आ.व २०८१/८२ मा स्थानीय तहको लगानीमा अध्यक्षकप खुला पुरुष तथा महिता भलिवल प्रतियोतिता र खुला क्रिकेट प्रतियोगिता सञ्चालन गरीएको थियो

ख) खुला ब्याडमिन्टन प्रतियोगिता।

ग) खुला चेस प्रतियोगिता ।

- शैक्षिक क्षेत्रको अनुगमन/नियमन

आ.व २०८१/८२ मा रैनादेवी छहरा गाउँपालिकामा तपसिल बमोजिमका विधिबाट विद्यालय अनुगमन गरीएको थियो ।

क) नियमित विद्यालय अनुगमन

ख) परीक्षाकेन्द्रित अनुगमन

ग) विषय विज्ञसहितको अनुगमन

घ) शिक्षा विकास तथा समन्वय इकाइसंगको सहकार्यमा अनुगमन

ङ) कार्यक्रम केन्द्रित विशेष अनुगमन ।

- विद्यालय समायोजन र दरवन्दी मिलान सम्बन्धी विवरण

  आ.व २०८१/८२ मा तपसिल बमोजिमका विद्यालय समायोजनको प्रक्रियामा रहेका र कार्यरत शिक्षक/कर्मचारीलाइ अन्यत्र काजमा खटाइएको ।

  क) छेउफान प्रा.वि,रैनादेवी छहरा ५ पाल्पा ।

  ख) संगिता प्रा.वि,रैनादेवी छहरा ८ पाल्पा ।

- स्थानीय पाठ्यक्रमका मूलभुत विषयहरुः-

  रैनादेवी छहरा गाउँपालिकामा कक्षा १-५ सम्म स्थानीय पाठ्यक्रम र कक्षा १-३ सम्म स्थानीय पाठ्यपुस्तक लागु भएको ।

  स्थानीय पाठ्यक्रमका मूलभुत विषयहरुः-

  क) गाउँपालिकाका स्थानीय जातजाति,भाषा संस्कृतिको विषयमा जानकारी समेटीएको ।

  ख) गाउँपालिका भित्रका स्थानीय रहनसहन, पर्व ,मेला, खेतीपाती आदीको जानकारी समेटीएको ।

  ग) राष्ट्रिय पाठ्यक्रमले तोकेका विषयक्षेत्र समेटीएको ।

- **दिवा खाजा**

  रैनादेवी छहरा गाउँपालिकामा आ.व २०८१/८२ मा कक्षा १-५ सम्मका विद्यार्थीको लागि संघीय ससर्त बाट विनियोजित बजेटमा रु ५ थप गरी रु २० बनाइएको ।

- **संस्थागत विद्यालयको नियमनका लागि गरीएका कार्यक्रमहरुः-**

  यस गाउँपालिकामा सञ्चालित आधारभूत १-८ सञ्चालित १ विद्यालयको आवश्यकता अनुसारको नियमन प्रणली अपनाइएको ।

**विविधः-**

क)सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता विकास, गुणस्तर सुधार, गुणस्तर परीक्षण, परीक्षा सञ्चालन लगायतका क्रियाकलापमा सञ्चालित कार्यक्रमहरुः-

क) आइ.टी स्रोत शिक्षकका लागि सूचना प्रविधी सम्बन्धी कार्यशाला।

ख) एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम ।

ग) प्रश्नपत्र निर्माण सम्बन्धी कार्यशाला ।

घ) अपाङ्गताको प्रारम्भिक परीक्षण सम्बन्धी कार्यशाला ।

## २.२.३ <u>स्वास्थ्य तर्फ :</u>

- स्थानीयबाट सञ्चालित अस्पताल/ स्वास्थ्य चौकी/ आधारभुत स्वास्थ्य केन्द्रमा OPD र Emergency मा सेवा लिएका सेवा ग्राहीको संख्या र प्रमुख रोगहरु

| क्र.स. | रोगको नाम | संख्या |
|---|---|---|
| १ | Injuries | 1698 |
| २ | Orthopedic Problems | 1186 |
| ३ | APD | 1754 |
| ४ | Headache | 1718 |
| ५ | Upper Respiratory Tract Infection Cases | 1844 |
| ६ | Fever | 1653 |
| ७ | Fungal Infection | 689 |
| ८ | Lower Respiratory Tract infection | 996 |
| ९ | Cough | 1306 |
| १० | Acute Tonsilitis | 812 |
| ११ | Diarrhoea | 1104 |
| १२ | Rhinitis | 875 |
| १३ | Itching | 989 |
| Total | | 25861 |

- पाठेघरको Cancer Screening
    - VIA द्वारा परीक्षणः ८६ जना
        - संकास्पद विरामीः २ जना
    - HPV DNA द्वारा परीक्षणः २८९ जना
- बालबालिकाको कुपोषण Screening
    - जम्मा सर्वेक्षण गरिएका बालबालिकाः ११८७
        - सामान्यः ११६२
        - मध्यम शिघ्र कुपोषणः २१
        - कडा शिघ्र कुपोषणः ४
- विभिन्न प्रकारका खोपहरू, भिटामिन ए खुवाउने, संस्थागत सुत्केरी अन्य सरुवा रोग नियन्त्रण लगायतका क्रियाकलापहरू
    - बि.सि.जी. खोपः १७५ जना
    - एच.पि.भि. खोपः १०७८ जना
    - राष्ट्रिय भिटामिन ए कार्यक्रमः

        - पहिलो चरणः १७३२ जना
        - दोस्रो चरणः १७२२ जना
        - सुत्केरी पश्चात भिटामिन ए प्राप्त आमाको संख्याः ८२ जना
    - संस्थागत सुत्केरी विवरण
        - जम्मा बर्थिङ सेन्टरः ४
            - भुवनपोखरी स्वास्थ्य चौकीः १४
            - छहरा स्वास्थ्य चौकीः २९
            - जुठापौवा स्वास्थ्य चौकीः २८
            - सत्यवती स्वास्थ्य चौकीः ११
        - जम्माः ८२ जना
            - २० वर्ष मुनीका सुत्केरीः १७ जना
            - २० वर्ष माथिका सुत्केरीः ६५ जना
- क्यान्सर/ मुटु रोग लगायतका असाध्य रोगका बिरामीहरूलाई मासिक भत्ता (भत्ता पाउने र खर्च रकम) सहितको विवरण
    - जम्मा रकमः रु.३१,९५,०००/-
    - लाभग्राही संख्याः ५४
- स्वास्थ्य संस्थाको सेवाको न्यूनतम मापदण्ड अनुसार प्राप्ताङ्क
    - सिद्धेश्वर स्वास्थ्य चौकीः ६७%
    - सोमादी स्वास्थ्य चौकीः ५९%
    - भुवनपोखरी स्वास्थ्य चौकीः ७८%
    - छहरा स्वास्थ्य चौकीः ८७%
    - मुझुङ स्वास्थ्य चौकीः ७०%
    - जुठापौवा स्वास्थ्य चौकीः ७७
    - बल्ढेङ्गगढी स्वास्थ्य चौकीः ६०%
    - सत्यवती स्वास्थ्य चौकीः ७३%

## २.२.४ महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुतर्फ

- महिला आयआर्जन तथा सशक्तीकरण कार्यक्रम अन्तर्गतः-

| क.स | संचालित कार्यक्रम | लाभाग्राही संख्या | कैफियत |
|---|---|---|---|
| १ | ४५ दिने सिलाई कटाई स्तरोन्नति तालिम | २३ | व्यावसायिक रूपमा सिलाई-कटाई गरि क्षमता अभिवृद्धिका साथै आत्मनिर्भर बन्न सक्नेछन्। |
| २ | ८ वटा वडामा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम | ४२० | समाजमा लैङ्गिक हिंसामा परेका पारिएका आम नागरिकलाई सचेत बनाई आफ्ना हक अधिकारका लागि बुलन्द आवाज उठाउन सक्ने। |

- अपाङ्गता सहायता सामग्री वितरणको विवरणः

| क.स | पुर्ण अपाङ्गता (क वर्ग | अति अशक्त अपाङ्गता (ख वर्ग) | सहायता सामाग्री वितरण |
|---|---|---|---|
| १ | ५७ | १५९ | ३ जना ( ह्यलचियर) |

- **बालमैत्री स्थानीय तह, पोषणमैत्री स्थानीय तह, बाल श्रमको अन्त्य, बालविवाह अन्त्य सम्बन्धि कार्यक्रमहरुः**

बालमैत्री स्थानीय तह निर्माणका लागि बालश्रम तथा बाल विवाह अन्त्य गर्ने उद्देश्यका साथ सचेतना कार्यक्रम आयोजना गरिएको छ ।

सचेतना कार्यक्रममा समावेश गरिएका विषयहरुः

- बालबालिकाको परिचय,
- बाल अधिकार,
- कानुनले प्रदान गरेका बाल अधिकारहरु,
- बाल श्रमको परिचय,
- बाल श्रम न्यूनीकरणमा स्थानीय तहको भूमिका,
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बाल विवाह,

- बाल विवाहका कारण, असर र समाधानका उपायहरु,
- बाल विवाह निवारण सम्बन्धी कानुनी प्रावधान।

❖ **कार्यक्रम विवरण तालिकाः**

| क.स | संचालित कार्यक्रम | लाभाग्राही संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल श्रमको अन्त्य, बालविवाह अन्त्य सम्बन्धि सचेतना तथा अभिमुखीकरण कार्यक्रम। | ८७२ | ७ वटा विद्यालयमा ६कक्षा देखि १० कक्षा सम्मका विद्यार्थीहरु। |

## २.२.५ सामाजिक सुरक्षा भत्ता वितरण

- लाभग्राही संख्या र खर्च रकम खुल्ने गरी / तथ्याङ्कगत विवरण

| क.सं. | सामाजिक सुरक्षा किसिम | प्राप्त गर्ने संख्या | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १९२८ | ९,११,४३,९०२/- | |
| २ | जेष्ठ नागरिक दलित भत्ता | २२३ | ६६,७६,६००/- | |
| ३ | जेष्ठ नागरिक एकल महिला भत्ता | २२७ | ७३,९७,६०३/- | |
| ४ | विधवा (एकल महिला) | ६३६ | १,९३,२७,२९४/- | |
| ५ | पूर्ण अपाङ्ग | ५७ | २६,७१,९७०/- | |
| ६ | अतिअशक्त अपाङ्ग | १७६ | ४२,९५,६३४/- | |
| ७ | बालपोषण | ३२३ | १८,४४,८६९/- | |
| | जम्मा | ३५७० | १३,३३,५७,८७२/- | |

## २.२.६ व्यक्तिगत घटना दर्ता विवरण

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ४१ | ४० | | ८१ | १५ | १० | | २५ | ४ | ४४ | | | १२ | ४४ | १६६ |
| २ | ४४ | ३० | | ७४ | १५ | १० | | २५ | ४ | ४४ | १ | २ | १६ | ५४ | १६४ |
| ३ | ९२ | ८५ | | १७७ | ३३ | ३० | | ६३ | ४ | ८७ | | | २१ | ७७ | ३५२ |
| ४ | ६० | ६० | | १२० | २९ | १९ | | ४८ | ७ | ६६ | ३ | १० | १७ | ७० | २६१ |
| ५ | ३५ | १६ | | ५१ | १६ | ९ | | २५ | ३ | २१ | २ | ८ | १३ | ४८ | ११५ |
| ६ | ४६ | ४५ | | ९१ | १६ | १६ | | ३२ | १३ | ४३ | ५ | १७ | २३ | ६४ | २०७ |
| ७ | २१ | २७ | | ४८ | ९ | ६ | | १५ | ३ | १४ | ५ | ११ | ९ | २२ | ९४ |
| ८ | २८ | २७ | | ५५ | २१ | १९ | | ४० | १० | ३५ | | | ५ | १४ | १४५ |
| जम्मा | ३६७ | ३३० | ० | ६९७ | १५४ | ११९ | ० | २७३ | ४८ | ३५४ | १६ | ४८ | ११६ | ३९३ | १५०४ |

## २.२.७ वृद्वाश्रम, दिवा विश्राम गृह लगायत जेष्ठ नागरिकहरूका लागि संचालित कार्यक्रमको संक्षिप्त विवरण

## २.२.८ गै.स.स सम्बन्धी

गैर सरकारी संस्था दर्ता नभएका

## २.२.९ बालमैत्री स्थानीय तह, पोषणमैत्री स्थानीय तह, बाल श्रमको अन्त्य, वालविवाहको अन्त्य जस्ता सञ्चालित अभियानमूलक कार्यक्रम सम्बन्धी संक्षिप्त प्रस्तुती

## २.३ आर्थिक विकास तर्फ

२.३.१ भूमि/ जग्गा वर्गीकरण भए/नभएको

(भएको भए कृषि/ आवास क्षेत्रको तथ्याङ्क उपलब्ध भएमा समेट्ने)

२.३.२ भूमि समस्या समाधानका लागि

- ✓ भूमिहीन दलितः
  - दर्ताः ६
  - NALCIS मा प्रविष्टिः ६
  - प्रमाणीकरणः २
  - अस्वीकृतः ०
  - नाप नक्साः नापी भएको छैन
- ✓ भूमिहीन सुकुम्बासीः
  - दर्ताः २५
  - NALCIS मा प्रविष्टिः २५
  - प्रमाणीकरणः २
  - अस्वीकृतः ३
  - नाप नक्साः नापी भएको छैन
- ✓ अव्यवस्थित बसोबासीः
  - दर्ताः १०६३
  - NALCIS मा प्रविष्टिः १०६३
  - प्रमाणीकरणः -

- अस्वीकृतः -
- नाप नक्साः नापी भएको छैन

२.३.४ नगर/ गाउँपालिकामा दर्ता / नवीकरण / सूचीकरण भएका वन उपभोक्ता समूह र वन उपभोक्ता समितिले तिरेको राजश्व, Agro Forestry सँग सम्बन्धित कार्यक्रम सञ्चालन भएको भए सो को संक्षिप्त विवरण

- ✓ ४००० वटा दालचिनीका विरुवा वितरण
- ✓ ३००० वटा टिमुरका विरुवा वितरण

२.३.५ <u>कृषिसँग सम्बन्धित विवरण</u>

- गाउँपालिकामा सूचीकृत कृषक समूहको संख्याः ४५
- कृषि फर्मको संख्या : ५९
- मूल विउ वितरणको विवरणः वितरण गरिएको छैन
- कृषक तालिमको विवरण
    - १० जना कृषकलाई जिल्ला स्तरीय तालिममा सहभागिताको लागि सिफारिस गरी पठाइएको
    - बाली उपचार शिविर कार्यक्रममा १५० जना कृषकको सहभागिता रहेको
    - २० जना युवाहरूलाई ३० दिने मिनी-टिलर तथा कुटानी-पिसानी मिल मर्मत सम्बन्धी तालिमको आयोजना गरिएको
- हाटबजार व्यवस्थापनः हाटबजार सञ्चालनमा नरहेको
- साना सिंचाई/ लिफ्ट सिंचाई/ पोखरी निर्माण/ गरा सुधार सम्बन्धी विवरण (नतिजा सहित): -
- पालिका स्तरमा Poket Zone को कार्यक्रम भएमा सोको क्षेत्रफल, प्रमुख वाली र उत्पादन, लाभान्वित घरधुरी र जनसंख्या : -
    - सुन्तला जात पकेट क्षेत्र
        - सल्लेधारा, तीनधारे, मुझुङ, अमलाबास, दिग, तान्सिङ्गल, सोमादी
    - तरकारी पकेट क्षेत्र
        - मुझुङ, सत्यवती, सोमादी, मगाल
    - दालचिनी पकेट क्षेत्रः
        - जुठापौवा, बल्ढेङ्गगढी, सत्यवती
- कृषि यान्त्रिकरणकालागि गरिएका कार्यहरु

- ५०% अनुदानमा कृषि औजार वितरण गरिएको
    - मिनी-टिलरः ४९ वटा
    - कुटानी-पिसानी मिलः २१ वटा
    - चापकटरः ४ वटा
    - यो कार्यक्रमबाट ७४ जना कृषकहरू प्रत्यक्ष लाभान्वित भएका
  - २० जना युवाहरूलाई ३० दिने मिनी-टिलर तथा कुटानी-पिसानी मिल मर्मत सम्बन्धी तालिम प्रदान गरिएको
- जैविक मल/ जैविक विषादी उत्पादनका लागि कृषकहरुलाई गरिएको सहयोग र नतिजा
  - सुन्तलाजात फलफूल बाली पकेट क्षेत्रमा सुन्तलाजात फलको गुणस्तर तथा उत्पादन वृद्धिको लागि कृषकहरूलाई ३७३ क्विन्टल जैविक मल वितरण गरिएको
- कृषि उत्पादनको बजारीकरणको व्यवस्था
- कृषि अनुदान उपलब्ध गराइएको विवरण
  - कृषि औजार वितरण कार्यक्रम
    - ५० प्रतिशत अनुदानमा ४९ वटा मिनिटिलर, २१ वटा कुटानी-पिसानी मिल, ४ वटा चापकटर वितरण
    - ७४ जना कृषकहरू प्रत्यक्ष लाभान्वित
  - नमूना फलफूल बगैंचा क्षेत्र विस्तार
    - ५ रोपनी क्षेत्रफलमा सुन्तला बगैंचा स्थापना
    - ३६० रोपनी क्षेत्रफलमा सुन्तलाजातको फलफूलको क्षेत्र विस्तार कार्य भएको
    - कृषकहरू, कृषक समूह, कृषि सहकारी र कृषि फर्महरूबाट कार्यक्रम सञ्चालन भएको
  - जैविक मल वितरण कार्यक्रम
    - १, २, ३ र ४ नं वडाका सुन्तलाजात पकेट क्षेत्रका कृषकहरूलाई ७५ प्रतिशत अनुदानमा ३७३ क्विन्टल जैविक मल वितरण
  - तरकारी प्रवर्द्धन कार्यक्रम
    - १, ३, ५, ६ र ८ नं वडाका कृषि समूह, सहकारी र फर्महरूलाई ७५ प्रतिशत अनुदानमा हिउँदे तरकारी बालीका बिउ वितरण
  - आलु प्रवर्द्धन कार्यक्रम

        - ७ नं वडाका ४ वटा कृषि समूह मार्फत कार्यक्रम सञ्चालन
        - ८२ रोपनी क्षेत्रफलमा आलुको  क्षेत्र विस्तार कार्य सम्पन्न
    - किसान सूचीकरण कार्यक्रम
        - ६, ७ र ८ नं वडामा घुम्ती शिविर सञ्चालन गरी कार्यक्रम सञ्चालन भएको
        - १५०० जना कृषक घरधुरीको विवरण किसान सूचीकरण व्यवस्थापन प्रणालीमा आबद्ध गरिएको
    - प्लाष्टिक टनेल वितरण कार्यक्रम
        - २२ वटा टनेल प्लाष्टिक वितरण गरिएको
    - निलोतुथो वितरण
        - ३ नं वडाका २२६ जना कृषकलाई ३३७ के.जी. निलोतुथो वितरण गरिएको
    - आलुको बिउ वितरण
        - ५० प्रतिशत अनुदानमा ३ नं वडाका कृषकहरूलाई ६७४२ के.जी. आलुको बिउ वितरण
    - मल्चिङ प्लाष्टिक वितरण
        - ५० प्रतिशत अनुदानमा ४ नं वडाका कृषकहरूलाई २९ वटा मल्चिङ प्लाष्टिक वितरण
    - मौरी घार वितरण
        - ५० प्रतिशत अनुदानमा ४ नं वडाका कृषकहरूलाई ४८ वटा खाली मौरी घार वितरण
    - सिंचाइ पाइप वितरण
        - ८० प्रतिशत अनुदानमा २५ मिमि को ३३०० मिटर पाइप वितरण गरिएको
- कृषि वालिमा लाग्ने रोगहरुको उपचारकालागि गरिएका प्रयासहरू
    - वालीमा लाग्ने रोग किरा व्यवस्थापनको लागि रकम विनियोजन गरी कृषि राहत कोषको व्यवस्था गरिएको
    - वालीमा लाग्ने रोग किरा सम्बन्धी सचेतना कार्यक्रम तथा परामर्श प्रदान गरिएको
    - वालीमा लाग्ने रोग किरा व्यवस्थापनको लागि निशुल्क विषादी वितरण गरिएको

- सुन्तला जात फलफूल पकेट क्षेत्रमा सुन्तला जात फलफूलमा हुने ह्रास न्यूनीकरणको लागि अनुदानमा निलो तुथो, चुना वितरण गरिएको
- अमेरिकन फौजी किरा नियन्त्रणको लागि विषादी वितरण गरिएको
- वालीमा लाग्ने रोग किरा पहिचानको लागि १५० जना कृषकहरूलाई १ दिने वाली उपचार शिविरमा सहभागी गराइएको

### २.३.६ पशुसँग सम्बन्धित विवरण

- गाउँपालिकामा सूचीकृत पशुपालन फर्मको संख्या:- ३०
- पशु-पंक्षी उपचारको विवरण :

| क्र.स. | विवरण | | | एकाइ | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| १ | पशु स्वास्थ्य कार्यक्रम | उपचार सेवा | मेडिकल उपचार | वटा | ३०६०० | ३२४८५ |
| २ | | | गाइनोकोलोजिकल उपचार | वटा | ५०४० | ४२८५ |
| ३ | | | माइनर सर्जिकल उपचार | वटा | ४२५० | ३५३९ |
| ४ | | प्रयोगशाला सेवा | गोबर परीक्षण | वटा | ३५६७८ | ४२७८९ |
| ५ | | | पिसाब परीक्षण | वटा | २०० | ३५० |
| ६ | | | दुध परीक्षण | वटा | १० | ३५ |
| ७ | | खोप सेवा | पि.पि.आर. | वटा | १३८०० | १५००० |
| ८ | | | रेबिज | वटा | ४० | ११२ |
| ९ | | | स्वाइन फिभर | वटा | २०० | ० |
| १० | | | रानी खेत | वटा | ० | ० |
| ११ | | | एफ.एम.डी. | वटा | ३००० | ३००० |
| १२ | | | अन्य एल.एस.डी. | वटा | ४०० | ५०० |
| १३ | | परजीवी नियन्त्रण | बाह्य | वटा | ३५६० | ४२५० |
| १४ | | | आन्तरिक | वटा | ९०००० | ११२००० |
| १५ | | कृत्रिम गर्भाधान | गाई | वटा | ९० | ५० |
| १६ | | | भैंसी | वटा | १०० | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | पशु सेवा प्रसार कार्यक्रम | | प्राविधिक सेवा तथा परामर्श | जना | ३५४० | २८५० |
| १८ | | | फर्म अवलोकन | वटा/ पटक | १०० | २१० |

- पशु-पंक्षीको लागि निशुल्क औषधी वितरण
  - २००० कृषक घरपरिवारलाई निशुल्क औषधी वितरण
- पशुपंक्षिका लागि अनुदान वितरणको विवरण
  - विपन्न वर्गका कृषकहरूलाई २१ वटा बाख्रा तथा ९ वटा बंगुरको पाठापाठी वितरण
- रेविज नियन्त्रण र भुस्याहा कुकुर व्यवस्थापनका लागि गरिएको प्रयासहरू
  - विश्व रेबिज दिवसको अवसरमा कार्यक्रम सञ्चालन गरी ६० वटा घरपालुवा कुकुर, बिरालो र ३० वटा सामुदायिक कुकुरहरूलाई रेबिज विरुद्धको खोप लगाइएको
  - रेबिज रोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरेको
- पशुपालक कृषकका लागि सञ्चालन गरिएको तालिम सम्बन्धी विवरण
  - बाख्रा पालन र गाई-भैंसी पालन सम्बन्धी कृषकहरूलाई तालिम सञ्चालन
- पशु पकेट क्षेत्र भए सोको विवरण
  - गाई/भैंसी पकेट क्षेत्र
    - सोमादी र सल्लेधारा
  - बाख्रा पकेट क्षेत्र
    - सत्यवती, जुठापौवा, भुवनपोखरी, सिद्धेश्वर र मुझुङ

२.३.७ <u>उद्योग/ व्यापारसँग सम्बन्धित विवरण</u>

- गाउँपालिकामा व्यवसाय करमा दर्ता भएका उद्योग व्यापार/ व्यवसायको संख्या र उठेको राजश्व
  - संख्याः २४८ वटा
  - उठेको राजस्वः रु. ५,१५,३३२/-
- व्यापार-व्यवसायको अनुगमन सम्बन्धी विवरण
  - अनुगमन संख्याः १

- फेला परेका त्रुटी/अनियमितताः
  - म्याद गुज्रेका खाद्यान्न भेटिएको
  - दर्ता नभई व्यवसाय सञ्चालन गरेको
  - समयमा नवीकरण नगरेको
- कारबाही
  - म्याद गुज्रेका खाद्यान्न जफत गरी नष्ट गरिएको
  - म्याद गुज्रेका खाद्यान्न समयमै छुट्टै स्थानमा स्थानान्तरण गर्न सुझाव दिइएको
  - व्यवसाय दर्ता/नवीकरण समयमै गर्न अनुरोध गरिएको

२.३.८ <u>गरिबी निवारण, जिविको पार्जन र आर्थिक सशक्तिकरण सम्बन्धी</u>

- मेड्पा
  - नयाँ उद्यमी
    - १ नं वडामा
    - लक्ष्यः ३० जना
    - उपलब्धिः ५५ जना
  - स्तरोन्नति
    - लक्ष्यः २० जना
    - उपलब्धिः ५ जना
  - प्रविधि हस्तान्तरण
    - प्रविधि हस्तान्तरण अन्तर्गत दुना टपरी बनाउने मेसिन वितरण गरिएको
    - लक्ष्यः २० जना
    - उपलब्धिः १० जना
- प्रधानमन्त्री रोजगार कार्यक्रम
  - प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयमा स्थापना भएको रोजगार सेवा केन्द्रले देहाय बमोजिमका सेवाहरू प्रदान गर्दछ।
    - बेरोजगार सूचीकरण तथा सो सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन

- वैदेशिक रोजगारीको लागि श्रम स्वीकृती अनलाइन मार्फत प्राप्त गर्नको लागि सहजीकरण (८० जना)
- वैदेशिक रोजगारीमा गई दुर्घटनामा परेका व्यक्तिहरू/परिवारलाई आर्थिक सहायता प्राप्त (FEWMIS) गर्न सहजीकरण
- रोजगारी सिर्जना ज्यालामा (बजेट स्रोतः नेपाल सरकार)
  - ✓ कुल बजेटः रु.१७२२०००/-
  - ✓ योजना संख्याः ५ वटा
  - ✓ कुल रोजगारी सिर्जना संख्याः २६ जना
  - ✓ कुल रोजगारी सिर्जना दिनः २५०९ दिन
  - ✓ औसत रोजगारी दिनः ९६.५ दिन
- रोजगारी सिर्जना ज्यालामा (बजेट स्रोतः आइ.डि.ए)
  - ✓ कुल बजेटः रु.२७०००००/-
  - ✓ योजना संख्याः ८ वटा
  - ✓ कुल रोजगारी सिर्जना संख्याः ४० जना
  - ✓ कुल रोजगारी सिर्जना दिनः ३८३७ दिन
  - ✓ औसत रोजगारी दिनः ९५.९ दिन
- रोजगारी सिर्जना ज्यालामा (जम्मा)
  - ✓ कुल बजेटः रु.४३९४०००/-
  - ✓ योजना संख्याः १३ वटा
  - ✓ कुल रोजगारी सिर्जना संख्याः ६६ जना
  - ✓ कुल रोजगारी सिर्जना दिनः ६३४६ दिन
  - ✓ औसत रोजगारी दिनः ९५.८५ दिन

### २.३.९ सहकारी नियमन सम्बन्धमा गरिएका कार्यहरुको संक्षिप्त प्रस्तुती

- सहकारी संस्थाको नियमित अनुगमन गरिएको
- सहकारी संस्थाको वित्तीय विवरण सङ्कलन गरिएको

## २.४ सुशासन र अन्तर सम्बन्धित क्षेत्र

### २.४.१ दरबन्दी विवरण

| क्र.स. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पद पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | १ | १ | - |
| २ | अधिकृत | ७/८औं | प्रशासन | लेखा | १ | १ | - |
| ३ | इन्जिनियर | ६/७/८औं | इन्जि. | सिभिल | १ | १ | - |
| ४ | अधिकृत | ७/८औं | शिक्षा | शि.प्र. | १ | १ | - |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | २ | २ | - |
| ६ | आ.ले.प. | ५औं | प्रशासन | लेखा | १ | १ | - |
| ७ | सहायक | ५औं | प्रशासन | सा.प्र. | ४ | १ | ३ |
| ८ | कम्प्युटर अपरेटर | ५औं | विविध | | १ | १ | - |
| ९ | लेखा सहायक | ५औं | प्रशासन | लेखा | १ | - | १ |
| १० | प्रा.स. | ५औं | शिक्षा | शि.प्र. | १ | १ | - |
| ११ | हे.अ. | ५/६औं | स्वास्थ्य | हे.ई. | १ | १ | - |
| १२ | सब इन्जिनियर | ५औं | इन्जि. | सिभिल | १ | १ | - |
| १३ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | १ | १ | - |
| १४ | स.म.वि.नि. | चौथो | विविध | | १ | १ | ० |
| १५ | खा.पा.स.टे. | चौथो/५औं | इन्जि. | सिभिल | १ | १ | - |
| १६ | अधिकृत | ७/८औं | कृषि | | १ | - | १ |
| १७ | सहायक | ५औं | कृषि | | २ | १ | १ |
| १८ | सहायक | चौथो | कृषि | | १ | १ | ० |
| १९ | अधिकृत | ७/८औं | कृषि | ला.पो.डे.डे. | १ | - | १ |
| २० | सहायक | ५औं | कृषि | भेट | २ | १ | १ |
| २१ | सहायक | ५औं | कृषि | ला.पो.डे.डे. | १ | १ | ० |
| २२ | सहायक | चौथो | कृषि | भेट | २ | २ | ० |
| २३ | सहायक | चौथो | कृषि | ला.पो.डे.डे. | २ | १ | १ |
| कार्यालय तर्फ जम्मा | | | | | ३१ | २२ | ९ |
| वडा कार्यालय तर्फ (८ वटा) | | | | | | | |
| १ | सहायक | ५औं | प्रशासन | सा.प्र. | ३ | १ | २ |
| २ | सब इन्जिनियर | ५औं | इन्जि. | सिभिल | ३ | ३ | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | ५ | ३ | २ |
| ४ | अ सब इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ५ | ५ | ० |
| **जम्मा** | | | | | ४७ | ३४ | १३ |

## <u>२.४.२ सार्वजनिक सुनुवाई र गुनासो व्यवस्थापन</u>

- सार्वजनिक सुनुवाई

## २.४.३ <u>सामाजिक परीक्षण/ सार्वजनिक परीक्षण</u>

- 

## २.४.५ <u>जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास</u>

- क्षमता विकास तालिम नभएको

## २.४.६ <u>नगर प्रहरी</u>

- आ.व. २०८१/८२ को सुरुवात देखि ३ जना नगर प्रहरी जवान भर्ना गरिएको छ।

## २.५ <u>विपद् व्यवस्थापन</u>

- विनियोजन, खर्च र सम्पन्न प्रमुख कामहरू
  - विपद् व्यवस्थापन कोषः रु. ३०,००,०००/-
  - सम्पन्न कार्यहरूः
    - ग्याविन जाली खरिदः रु.२,६८,९४०/-
    - पाइप खरिदः रु.५,४४,४६७.२०/-
    - विपद् सामग्री खरिद(त्रिपाल सहित): रु.५,२५,९६७.५४/-
    - विपद् आर्थिक सहयोगः रु.१०,२६,१७५/-
    - घर गोठ आगलागीः
      - ✓ खाद्यान्नः रु.६४,४५०/-
      - ✓ जस्तापाताः रु.३,२०,०००/-
    - जम्मा खर्चः रु.२७,५०,०००/-

- वारुण यन्त्र : २०८१/८२ मा वारुण यन्त्रको लागि प्रक्रिया सुरु गरिएको र २०८२/८३ मा वारुण यन्त्र प्राप्त हुने ।

## ३. उपलब्धि

- ✓ एक घर एक धारा कार्यक्रम अन्तर्गत खानेपानी तर्फ साउने लिफ्टिङ खानेपानी, भट्टे लिफ्ट खानेपानी, दोनधारे लिफ्ट खानेपानी लगायतका खानेपानीका आयोजनाहरू सम्पन्न
- ✓ रैनादेवी मन्दिर पुनःनिर्माण कार्य सम्पन्न
- ✓ गाउँपालिकाबाट तीन जिल्ला जोड्ने मुख्य सडक स्तरोन्नति गरी कालोपत्रे गर्ने काम भइरहेको
- ✓ रिब्दीकोट गाउँपालिकासँगको सहकार्यमा कृषि उत्पादन प्रवर्द्धन गर्नका लागि सुन्तलाजात फलफूलको बजारीकरणका लागि सुन्तला महोत्सवको आयोजना
- ✓ अर्घाखाँचीको पाणिनि गाउँपालिकासँगको सहकार्यमा पाणिनी सम्मेलन सम्पन्न
- ✓ कृषि तर्फ व्यवसायीकरण, बजारीकरण र यान्त्रीकीकरणका लागि कार्यक्रम सञ्चालन
- ✓ वित्तीय सुशासन कायम गर्नको निम्ति प्रत्येक वर्ष वेरुजुको आँकडा घटाउँदै लगिएको
- ✓ विपद् व्यवस्थापनलाई मध्यनजर गर्दै गाउँपालिकाभित्र रहेका प्रहरी चौकीहरूलाई विपद् सामग्री वितरण
- ✓ स्वास्थ्य सेवामा जनताको पहुँच अभिवृद्धि गर्न भुवनपोखरी स्वास्थ्य चौकी मार्फत एम्बुलेन्स सेवाको सुरुवात
- ✓ स्वास्थ्य सेवा प्रवर्द्धनका निम्ति भौगोलिक जटिलतालाई मध्यनजर गर्दै भुवनपोखरीमा बर्थिङ सेन्टर सञ्चालन
- ✓ कक्षा १,२ र ३ मा स्थानीय पाठ्यपुस्तक र १ देखि ५ कक्षा सम्म स्थानीय पाठ्यक्रम लागु गरिएको

## ४. आन्तरिक आय ( अघिल्लो आ.व को सँग तुलनात्मक विवरण संक्षिप्तमा )

| क्र.स. | आय शीर्षक | | २०८०/८१ को आय | २०८१/८२ को आय | प्रगति |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | | ३३३७५७.८६ | ३२२६२७.२५ | (३.३३%) |
| २ | घर बहाल कर | | २८१५५९.८१ | ५२५८८८.७५ | ८६.७८ |
| ३ | भूमि कर (मालपोत) | | १२२२७५१.६२ | ७१४७५८.५० | (४१.५५) |
| ४ | दस्तुर | सिफारिस | २०१७०७३.०० | १६९९७८६.९० | (१५.७३%) |
| | | व्यक्तिगत | १०३३१५०.०० | ९५९७५०.०० | (७.१०%) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घटना दर्ता | | | |
| | | नाता प्रमाणित | ७३०००.०० | ७३६०००.०० | ०.८२% |
| | | अन्य | ५७३६९२.४० | २९५०५०.०० | (४८.५७) |
| ५ | व्यवसाय कर | | ५०३५७५.३१ | ५१५३३२.०३ | २.३३% |
| ६ | प्रशासनिक दण्ड जरिबाना | | २२८०००.०० | ८९९१.६७ | (६०.५६%) |
| ७ | बेरुजू दाखिला बापतको आय | | ९२६५९८.१० | १७५१७१.०० | (८१.१०%) |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | | ४२६७३१४.२६ | १९९४८१८.४९ | (५३.२५%) |
| ९ | बहाल बिटौरी कर | | २००.०० | २००.०० | ०% |
| १० | कृषि तथा पशु जन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | | १२३५६३.६० | २५०६२०.७५ | १०२.८३% |
| ११ | अन्य सेवा शुल्क तथा विक्री | | २१२७४३३.८२ | ४७६०५८५.१६ | १२३.७७% |
| १२ | शिक्षा क्षेत्रको आम्दानी | | १२९००.०० | १४३००.०० | १०.८५% |
| १३ | सवारी साधन कर (साना सवारी) | | ९६०००.०० | ३००००.०० | (६८.७५%) |
| १४ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | | ३८०००.०० | २८०००.०० | (२६.३२%) |
| जम्मा आय रु. | | | १३६५३३६९.७८ | १२३६९४८०.५० | (९.४०%) |

## ५.<u>बेरुजु र बेरुजु फछ्यौंट</u>

| क्र.स. | आ.व २०८०/८१ | आ.व २०७९/८० | आ.व २०७८/०७९ | कैफियत |
|---|---|---|---|---|
| सैद्धान्तिक वेरुजु | ० | ० | ० | यो वर्ष सम्परीक्षणको लागि कागजात तयार गरिएको |
| पेश्की बेरुजु | ० | ० | ० | |
| असुल उपर बेरुजु | ४१४०००० | २५५००० | ६७७००० | |
| नियमित गर्ने बेरुजु | ५८१९००० | १४०४५००० | १६७२३००० | |
| फछ्यौंट रकम | ४१४००० | ७०७०००० | ४९९०००० | |
| बाँकी बेरुजु | ५८१९००० | ७२३०००० | १२४१०००० | |

## ६.असल अभ्यास

अवलम्बन गरिएका असल अभ्यास

विद्यालय नर्स कार्यक्रम

❖ पृष्ठभूमिः

- गाउँपालिकाभित्र रहेका विद्यालयहरूमा विद्यार्थीहरूको स्वास्थ्यमा देखिएका समस्या,
    - पोषण,
    - महिनावारी व्यवस्थापन,
    - व्यक्तिगत र वातावरणीय स्वास्थ्य, किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य,
    - सामान्य उपचारको अभाव

आदि समस्याहरू समाधान गर्न विद्यालय नर्स कार्यक्रम सुरु गरिएको हो ।

❖ कार्यक्रमको उद्देश्यः

- विद्यालय स्तरबाटै बालबालिकालाई स्वस्थ जीवन शैली अपनाउन उत्प्रेरीत गर्न,
- विद्यालयमा विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच गरी स्वास्थ्य सम्बन्धी प्राथमिक सल्लाह/सेवा उपलब्ध गराउन,
- महिनावारी तथा किशोरी मैत्री स्वास्थ्य सेवा प्रवर्धन गर्न,
- बालबालिकाको पोषण सुधारमा सहयोग गर्न,
- स्वस्थ, स्वच्छ, सफा र सिकाईमैत्री वातावरण तयार गर्न,
- विद्यार्थीहरूलाई मानसिक स्वास्थ्य शिक्षा प्रदान गर्न,
- परामर्श, सल्लाह र सुझावद्वारा विद्यालय छोड्ने दर न्यूनीकरण गर्न ।

❖ कार्यान्वयन प्रक्रियाः

- आर्थिक वर्ष २०७९/८० बाट प्रारम्भ गरिएको,
- "विद्यालय नर्स कार्यक्रम सञ्चालन कार्यविधि" निर्माण,
- जनप्रतिनिधिको पहलमा पालिकाबाट बजेट विनियोजन,
- कार्यविधि अनुसार ३५० जना वा बढी विद्यार्थी भएका विद्यालयहरूमा क्रमशः कार्यक्रम सञ्चालन,
- विद्यालयमा छुट्टै विद्यालय नर्स कक्ष/स्वास्थ्य कक्ष स्थापना,
- २ वटा माध्यमिक विद्यालयमा (भैरव नवदीप नमूना मा.वि. र सत्यवती मा.वि.) नर्स नियुक्त,

- अभिभावक र शिक्षकसँग सहकार्य गर्दै स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन,
- प्रत्येक शैक्षिक सत्रमा विद्यार्थीहरूको स्वास्थ्य विवरण अद्यावधिक,

❖ प्रमुख उपलब्धिहरूः

- १ वर्षमा ७७३ जना विद्यार्थीको स्वास्थ्य विवरण अद्यावधिक गरेको,
- २५०+ किशोरीलाई महिनावारी व्यवस्थापन सम्बन्धी परामर्श,
- सेनिटरी प्याड वितरण तथा महिनावारी सम्बन्धी परामर्शको कारणले छात्राहरूको विद्यालय हाजिरी दर बढेको,
- जङ्क फुड (Junk Food) उपभोग गर्ने दर कम भएको,
- पोषण स्थिति न्यून भएका विद्यार्थीलाई उपचार, प्रेषण तथा न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गरेको,
- विद्यार्थीहरूको पोषण स्तरमा सुधार भएको,
- बालविवाह न्यूनीकरणमा पनि प्रभावकारी रहेको,
- नियमित स्वास्थ्य फाइल राख्ने अभ्यास सुरु ।

❖ चुनौती र समाधानः

- चुनौतीः
  - प्रारम्भमा स्रोत अभाव
  - शिक्षक/अभिभावकमा जानकारीको कमी
  - जनशक्ति व्यवस्थापन
  - स्वास्थ्य सामग्रीको अभाव
- समाधानः
  - पालिकाबाट अतिरिक्त बजेट विनियोजन
  - अभिमुखीकरण कार्यक्रम सञ्चालन
  - स्वास्थ्य संस्थासँग सहकार्य

❖ सिकाइ र सन्देश

- सानो लगानीमा ठूलो प्रभाव पर्न सक्ने कार्यक्रम
- स्थानीय तहको नेतृत्वमा बालमैत्री सेवा विस्तार सम्भव
- स्थानीय तहको नेतृत्वमा पोषणमैत्री सेवा विस्तार सम्भव

❖ निष्कर्ष

- विद्यालय नर्स कार्यक्रमले विद्यार्थीहरूको शारीरिक र मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको छ ।

- यस अभ्यासले रैनादेवी छहरा गाउँपालिकालाई बालमैत्री र पोषणमैत्री गाउँपालिका बन्ने दिशामा एक कदम अगाडि बढाएको छ ।

## ७.प्रमुख समस्या र चुनौती

✓ समस्या

- गुणस्तरीय तथा दिगो पूँजीगत विकास कायम गर्न नसक्नु ।
- योजना तथा कार्यक्रम दिगो तथा प्रतिफलमुखी तर्जुमा गर्न नसक्नु ।
- कर्मचारी तथा जनप्रतिनिधिमा व्यावसायिक दक्षता तथा निपूर्णता हुन नसक्नु ।
- जटिल भू धरातलीय स्वरुपका कारण पूर्वाधार विकासमा कठिनाइ हुनु ।
- न्यून सचेतना तथा अधिकारमुखी शैलीका कारण सबैमा दायित्वबोध गराउन नसक्नु ।
- बृहत्तर क्षेत्र तथा न्यून जनशक्ती कायम रहनु ।
- निति योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा नितिगत समस्या तथा व्यावहारिक जटिलता कायम रहनु ।
- कानुनले तोकेका बिषयहरुमा पनि कानुनहरु निर्माण गर्न नसकिनु ।
- तीनतह बिच परस्पर समन्वय तथा सहकार्यको अभाव रहनु ।
- स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न दक्ष तथा निपूणता नरहनु ।

✓ चुनौतीहरू:

- गुणस्तरिय,दिगो,प्रतिफलमुखी तथा रुपान्तरणकारी योजना तथा कार्यक्रमको तर्जुमा
- उपभोक्ता समितिको मर्म तथा सिद्धान्त अनुरुप कार्य सञ्चालन
- बृहत्तर क्षेत्र एवं जटिल भौगोलिक धरातलिय स्वरुप रहनु ।
- विकास तथा समृद्धि प्रति साझा मत, ऐक्यबद्धता तथा सर्वपक्षिय दायित्वबोध कायम गर्नु ।
- दरवन्दी अनुरुप कर्मचारीको पदपूर्ति गर्नु ।

✓ संघ, प्रदेशसँगको अपेक्षा

- नीति तथा कानून निर्माणमा नमूना कानून मार्फत सहजीकरण तथा मार्गदर्शन गर्नुपर्ने ।
- क्षमता विकास तथा स्थानीय तहको सबलीकरणमा उच्चतम प्राथमिकतामा राखि स्रोत तथा कार्यक्रम सुनिश्चित गरि दिनु पर्ने ।

- आवधिक योजना तथा रणनितिहरु तर्जुमा तथा कार्यान्वयनमा तालिम उपलब्ध गराउनुपर्ने
- स्थानीय उत्पादन तथा बजारीकरणको सुनिश्चिततामा सहजीकरण गरिदिनु पर्ने ।
- अनुदान तथा बाँडफाँडका स्रोतहरुको समयमै निकासा तथा प्राप्त गर्ने वातावरणको सहजीकरण ।
- संघ, प्रदेश र स्थानीय तहबिच समन्वय गरी एकरूपताका साथ बजेट विनियोजन हुनु पर्ने ।